# नेपल गजेट

## भाग ४

नेपल सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन ३१ गते २०१२ साल

### गृहविभागका विज्ञप्ति

मिति ०१२ ६–१६–१

गृ. फु. ५२२०

दर्ता लाइसेन्स भै रहेका बन्दूक पिस्तौल हरु चैत्र मसान्तसम्मको साल तमाम भित्र रिन्यू गर्न आउनै पर्ने र कार्य कारणाल म्यादभित्र रिन्यू गर्न नपाई नाघेकोमा मनासिब कारण खोली ३५ दिन भित्र मोहरु १ को टिकटसमेत टांसी दरखास्त पर्न आए रिन्यू गरी दिने र सो म्याद नाघे पछि ७ सात दिन सम्मका दरखास्त पर्न आए लाग्ने दस्तुरको सूद लिने १५ दिन भित्र सम्म पर्न आए लाग्ने दस्तुर कै विगोबमोजिम जरीवाना गर्ने सो म्याद पनि नाघ्न गए त्यस्ताको बन्दूक जफत गरी खिची लिने कारण बेमनासिब भयेकोमा मोहरु ५। पांच देखि रु २०। बीशसम्म थप जरीवाना गर्न दिन ३५ नाघे पनि बन्दूक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खजाना जफत गर्ने म्याद भित्रै बन्दूक लाइसेन्स रिन्यू गराउन यो परिबन्दबाट आउन पाईन भनी खोली लाग्ने दस्तुर रिन्यू बुझाउन ल्याएबाट कामको अवस्था परिस्थिति विचारले ६ महिना सम्मको म्याद थप दिने सो म्याद नाघेमा रिन्यू दस्तुर बन्दूकसमेत जफत गर्ने गरी सदरमा कमिश्नर र जिल्लामा बडाहाकिमले गर्ने गराउने गरी निर्णय भएको छ।

आज्ञाले :—

श्रीत्मराज, का. मु. सेक्रेटरी : — गृहविभाग

## गृहविभागको विज्ञप्ति

विदेशबाट हातहतियार खजाना झिकाउन लाइसेन्स पाउँ भन्ने निवेदन पर्न आएमा माग गर्ने मानिसको चालचलन कस्तो रहेछ सवाल सनदले लाइसेन्स दिन हुने नहुने ईलाकाको पुलीसठानाबाट रिपोर्ट लिई मेजिष्ट्रेट कमिश्नर छेउ रिपोर्ट गरी कमिश्नरबाट दिनुभन्ने निकाशा दिए पछि मात्र सवालको रीत पुऱ्याई लाइसेन्स दिने गर्नुपर्छ भन्ने मेजिष्ट्रेट सवालको दफा ४ का ख. दफामा लेखिएको मा सो सवाल अनुसार काम हुन नसकी प्रधान मन्त्री गृहमन्त्री र अरू मन्त्रीहरू समेतले सिफारिश गरी पठाएबमोजिम पाउने भै आएको सदर मोफसलमा समेत सबै ठाउँमा एकै रुलसँग भैरहेका ऐन सवालबमोजिम काम कारवाई हुनु पर्ने भएको कुराहरू मन्त्रिमण्डल दै प्रस्ता गै रहेका पेश हुन नपाउँदै मन्त्रिमण्डल विघटन भै श्री ५ महाराजाधिराजका हजुरमा जाहेर भै तल लेखिएबमोजिम गर्ने गरी सरकारी निर्णय भै आएकोले सो अनुसार कामकाज गर्न गराउने गरी यो विज्ञप्ति प्रकाश गरिएको छ .

१. पहिलेका प्रधान मन्त्रीहरूले बन्दूक पिस्तौल पाउने गरी सोझै सिफारिश भर्ने गरी आएकोमा त्यसरी उच्चपदाधिकारीहरूले सोझै सिफारिश गरेपछि ईला

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।